**नेपाली / *NEPALI***

बाट: कुलपति Rebecca Blank
लागि: सबै शैक्षिक कर्मचारी, युनिभर्सिटी कर्मचारी र सीमित नियुक्तिका कर्मचारीहरू
विषय: धन्यबाद र अगाडि हेर्ने क्रममा
मिति: मे १९, २०२१

**धन्यबाद र अगाडि हेर्ने क्रममा**

कर्मचारीहरू,

लगभग दुई हप्ता अगाडि, मैले *Camp Randall Stadium* मा भेला भएका हाम्रा स्नातक कक्षालाई तस्वीर लायक शनिबार दिउँसो हेर्ने मौका पाएँ।

सबै हरियो *Badger Badges* भएका विद्यार्थीहरू, सँगै बसे, फोटोहरू खिचे र अँगालो मारे अनि उनीहरूको *UW-Madison* को समयलाई *Varsity* र पटाकाका साथ सक्काउन सक्षम भए। सँगै र व्यक्तिगत रूपमा उपलक्ष्य मनाउँदको सामूहिक आनन्द देखेर गएका १८ महिना भित्रका सबैभन्दा खुशीका क्षणहरू मध्य उच्च थियो।

यो स्नातक समारोह उपस्थित सबैका लागि विशेष थियो र यो सबैले गएका बर्षमा गरेका असाधारण कार्यको कारण मात्र सम्भव थियो। तपाईंहरू हरेकले विश्वव्यापी महामारीको बीचमा विश्वविद्यालयलाई आफ्नो आवश्यक उद्देश्य अगाडि बढाउन सहयोग पुर्‍याउने भूमिका खेल्नुभयो।

मैले तपाईंलाई भन्नु पर्दैन कि गएको शैक्षिक वर्ष यस संस्थाको इतिहासमा सबैभन्दा चुनौतीपूर्ण वर्षहरू मध्ये एक थियो। एक बर्ष पहिले विश्वव्यापी महामारीमा कसरी अगाडि बढ्ने कसैलाई थाहा थिएन। एक बर्ष पछि, हामी सबैलाई थाहा छ कि हामीलाई व्यक्तिगत, पेशागत रूपमा र हाम्रो सम्पूर्ण समुदायको लागि कत्ति कष्टदायी र कठिनाइ भइरहेको छ।

एक सङ्कटको सामना गर्नुपर्दा, सबैको व्यक्तिगत जीवनहरू लथालिङ्ग भएको बेलामा *UW* कर्मचारीहरूले विश्वविद्यालय सञ्चालनहरूको मौलिक पुनर्संरचना कार्यान्वयनमा सहयोग गरे। गएको बर्षमा, तपाईंहरू मध्ये धेरैले विश्वव्यापी महामारीको कारणले गर्दा आर्थिक समस्याहरूको सामना गर्नु परेको छ र क्याम्पसले *furlough* हरू र बजेट कटौतीको अनुभव गरेको छ। तपाईंले यी चुनौतीहरू लचिलोपन, दया र दृढ सङ्कल्पका साथ सामना गर्नुभयो, र सँधै सजिलो नभएतापनि हामीले पाएका नतिजाको लागि म सँधै कृतज्ञ छु।

स्नातक समारोह (*Commencement*), जसमा सबै भन्दा राम्रो परिस्थितिमा प्रमुख योजानाहरू समावेश गर्दछ, अझ बढी जटिल भयो। जम्मा दुई महिनाको योजनाका साथ सयौँजना साथमा आएर ए सुरक्षित र सफल कार्यक्रम सुनिश्चित गरे।

स्नातक समारोहमा काम गर्नेहरूलाई: धन्यबाद।

हाम्रो २०२१-२१ सालको शैक्षिक वर्षको योजना बनाएर कार्यान्वयन गर्नेहरूलाई: धन्यबाद।

र विशेष गरी हाम्रो आवश्यक कर्मचारीहरूलाई जसले व्यक्तिगत रूपमा काम गरेका छन्: धन्यवाद।

गर्मी महिना भनेको आफूले कमाएको बिदा लिएर आउने वर्षको लागि खाली दिमागले अगाडि बढ्ने समय हो । तपाईंलाई थाहा छ, १२-महिनामा नियुक्ति भएका शैक्षिक कर्मचारी, संकाय र सीमित नियुक्तिहरूले यस वर्षको अक्टुबरको शुरूवात सम्म्मा आफ्न्प हालको बाँकी रहेको बिदा चलाउन सक्दछन् जबकि विश्वविद्यालय कर्मचारीहरूले डिसेम्बरको अन्त्यसम्म चलाउन सक्नेछन् । म आशा गर्दछु कि तपाईंहरू सबैले आउँदो महिनाहरूमा बिदा लिन सक्नुहुनेछ ।

हामी गर्मी महिनाहरूमा जाने क्रममा, मलाई थाहा छ कि धेरैले विश्वव्यापी महामारीको घटिरहेको र खोपको दरहरू बढिरहेको क्रममा २०२१-२२ शैक्षिक वर्षमा हाम्रो क्याम्पस समुदायमा के आउँदै छ सोच्दै छन् । स्नातक समारोहलाई हेर्दा र हाम्रा विद्यार्थीहरू भेला भएको देख्दा हाम्रो आशालाई अझ बलियो बनाउँदछ कि आउने वर्ष २०२० भन्दा २०१९ साल जस्तो अझै हुनेछ ।

हामी राम्रोसँग हाम्रो शिक्षण, सेवा र अनुसन्धानका उद्देश्यहरू तब पूरा गर्छौं जब हामी व्यक्तिगत रूपमा काम गर्छौं, सिक्छौं र एकअर्कसँग कुरा गर्दछौं । क्याम्पसमा अन्तर्क्रियाले कर्मचारीहरू बीचको सम्पर्क बढाउँदछ, जानकारीको छिटो आदानप्रदान गर्न सहयोग पुऱ्याउँदछ र नयाँ कर्मचारीहरूलाई कार्यालय संस्कृति र सञ्चनालन्मा एकीकृत गर्न सहयोग गर्दछ ।

हाम्रो अर्को लक्ष्य भनेको फर्कने प्रक्रिया शुरू गर्नु हो जसमा घरैबाट काम गर्ने कर्मचारीहरूलाई अगस्ट १ पछाडि क्याम्पसमा फर्किनेछन्; कोहीकोही पहिले नै फर्किनेछन् । हामी यी योजनाहरूका बारे छिट्टै विवरणहरू साझा गर्नेछौं ।

भौतिक कार्यालयहरू फेरि खोल्नु भनेको एउटा प्रक्रिया हो जुन हामीले रातारात हुने आशा गर्दैनौं र सुरक्षित र सफलतापूर्वक फेरि खोल्नका लागि संसाधनहरूको आवश्यक पर्दछ । आज मलाई के थाहा छ बताउन दिनुहोस् । विवरणहरू बनाउन अझै बाँकी छन् र म तपाईंलाई गर्मी महिनाहरू भरी अपडेट गर्ने प्रतिज्ञा गर्दछु । मलाई थाहा छ कि स्वास्थ्य मार्गदर्शनमा अपडेटहरूको बारेमा अझै केही अनिश्चितताहरू छन् ।

म यो स्पष्ट पार्न चाहन्छु कि खोपको कारण हामी यस अवस्थामा छौं - यसले हामीलाई विश्वव्यापी महामारीबाट निस्कन सहयोग पुऱ्याएको छ र क्याम्पसमा फेरि भेट्न अनुमति दिनेछ ।
हाम्रो रेकर्डहरूले देखाउँदछ कि लगभग ७५ प्रतिशत कर्मचारीहरू र ५० प्रतिशत विद्यार्थीहरूले (मे १० सम्म) पूरा रूपमा खोप लगाएका छन् वा एउटा डोज पाएका छन् ।

हामी विश्वास गर्दछौं कि यो गणना कम हो, किनकि हाम्रा धेरै कर्मचारीहरूले क्याम्पस बाहिर खोप लगाएका छन् । यदि तपाईंले क्याम्पस बाहिर खोप लगाउनु भएको छ भने, **कृपया आफ्नो खोपको रेकर्ड *UHS* मा अपलोड गर्नुहोला** । हामी विद्यार्थी र कर्मचारीहरूलाई खोप लगाउन प्रोत्साहित गर्दैछौं र यस गर्मी महिनाहरूमा क्याम्पस र हाम्रो समुदायहरूलाई खोप लगाउनका लागि विशेष प्रयासहरू गरिरहेका छौं । मलाई विश्वास छ कि गर्मी महिनाको अन्त्यसम्ममा हाम्रो सम्पूर्ण क्याम्पस समुदायको लागि खोप लगाउने सङ्ख्या ८० प्रतिशत भन्दा माथि हुनेछ ।

म धेरै खुसी छु कि *CDC* को अनुसार, हाल डेन काउन्टीमा राष्ट्रिय स्तरका ठूला काउन्टीहरू मध्य सबैभन्दा बढी खोप लगाउनेक दर छ । जुलाईको शुरूवातसम्म, *PHMDC* ले हाल ८० प्रतिशत सबै योग्य (१२ वर्षा भन्दा माथि) डेन काउन्टीका बासिन्दाहरूलाई कम्तिमा आंशिक खोप लगाईनेछ भनेर आशा गर्दछ । यसको अर्थ यो हो कि हाम्रा कर्मचारीहरू र विद्यार्थीहरू, साथै हाम्रो वरपरको समुदाय सबै रोगको जोखिमलाई घटाउने खोप लगाएको दरमा हुनेछन् ।

हामीले भर्खरै अहिले र अगस्टसम्म सञ्चालन गर्ने हाम्रो योजना साझा गर्‍यौं, जसमा विशेष रूपमा आवश्यक नहुने ठाउँ, कार्यक्रम वा गतिविधिहरूमा *Badger Badge* देखाउनु पर्ने आवश्यकता हटाउने कुरा समावेश छ। अपडेट गरिएको *CDC* मार्गनिर्देशनको साथै हामीले हिजोको *Public Health Madison & Dane County* को घोषणा पनि समीक्षा गरिरहेका छौं जसमा जुन २ बाट जनस्वास्थ्य आदेशद्वारा मास्कको आवश्यक नपर्ने कुरा समावेश छ।

स्थानीय र राज्यका जनस्वास्थ्य विशेषज्ञहरूको परामर्श लिँदै हामी हाम्रो क्याम्पसको प्रोटोकल अपडेट गर्न जारी राख्नेछौं। हामी बुझ्दछौं कि *CDC* को यो बदल धेरैलाई स्वागत छ, त्यहीपनि हामी सार्वजनिक ठाउँहरूमा मास्क लगाउन जारी राख्न चाहानुहुने केहीलाई सम्मान गर्दछौं।

एउटा मैले बारम्बार सुनेको प्रश्न यो हो कि यदि हामी क्याम्पसमा फर्कन आवश्यक नै छ भन्ने। मलाई थाहा छ कि क्याम्पसको कामको पर्याप्त हिस्सा गत वर्षमा घरैबाट गर्न सकिएको थियो, जबकि धेरै सहकर्मीहरू विश्वव्यापी महामारीको भरी क्याम्पसमा काम गरिरहेका छन्।

शरद ऋतुमा हाम्रो जीवन्त र सुन्दर आवासीय क्याम्पस फेरि देखिनेछ, जसमा ४५,००० विद्यार्थीहरू हामीसँग बस्ने, पढ्ने र काम गर्नेछन्। यसको मतलब यो हो कि धेरै रोजगारहरू क्याम्पसमा विद्यार्थीहरूलाई सेवा दिन र विशेष सुविधाहरूमा अनुसन्धान गर्न आवश्यक छ।

हामीले गएका १५ महिनामा घरैबाट काम गर्ने बारेमा धेरै सिक्यौं। कार्यस्थल लचिलोपन महत्त्वपूर्ण छ र घरैबाट काम गर्न या त पूर्ण समय वा आंशिक समय, लचिलोपनको एउटा रूप हो। मानव संसाधनको कार्यालयले भविष्यमा लचिलोपन चाहने कर्मचारीहरूको लागि संशोधित घरैबाट काम गर्ने नीति (*Remote Work policy*) पूरा गरेको छ।

नीतिको मार्गदर्शन भित्र, स्कूल/कलेज/विभाग नेतृत्व, सुपरभाईजरका साथ कहाँ घरैबाट काम सम्भव छ र कहाँ यसले युनिटको कार्यप्रदर्शन र उद्देश्यमा बाधा पुऱ्याउन सक्छ भन्ने निर्णय गर्न जिम्मेवार हुनेछन्। गएको वर्षमा घरैबाट काम आवश्यक भएको धेरै मामलाहरूमा, बारम्बार सञ्चार, समन्वय, र कर्मचारीहरूको बीचमा तालिम चाहिने कार्यालयहरूमा यो उपयुक्त विकल्प नहुन सक्दछ।

यात्रा र यातायातको परिदृश्य पनि गएको वर्षमा बदलेको छ। केही कर्मचारीहरू कम्तिमा आंशिक समयमा क्याम्पस बाहिर काम गरिरहेका हुन सक्छन् भन्ने समझदारीमा, यातायात सेवाको कार्यालयले २०२१ सालको गर्मी महिनाहरू र २०२१-२२ सालको लागि धेरै प्रकारका रचनात्मक पार्किङ्गका विकल्पहरू प्रदान गर्दैछ।

क्याम्पसमा अझै मान्छेहरूए र अझै व्यक्तिगत रूपको कार्यक्रमहरू साथ, म व्यक्तिहरूले अझै सामान्य संसारमा फर्कने बारेमा राम्रो महसुस गरून् भन्ने चाहन्छु। मलाई थाहा छ घरबाटै काम गरिरहेका व्यक्तिहरूले गएका १५ महिनामा नयाँ बानीहरू बसालेका छन् र हामी क्याम्पसको सञ्चालनमा फर्किने क्रममा परिवर्तनको सामना गर्नुपर्नेछ। शरद सेमेस्टरमा व्यक्तिहरूलाई स्वागत गर्न, क्याम्पसमा काम गरिरहेका सबैका लागि धन्यबादको रूपमा र घरैबाट काम गरिरहेका सबैलाई स्वागतको रूपमा, हामीले कार्यक्रमहरूको योजना बनाइरहेका छौं।

विश्वव्यापी महामारी भएतापनि तपाईंले फेरि हाम्रो संस्थालाई बलियो र जीवन्त राख्न सहायता गर्नुभएको धेरै तरिकाहरूको लागि म तपाईंलाई धन्यवाद दिन चाहन्छु। शैक्षिक वर्ष भरी बारम् बार परीक्षण र संक्रमणको कम दरको साथ, हामीले हासिल गरेको कुरामा म गर्व राख्दछु।

स्नातक सप्ताहन्त रमाइलो थियो किनभने धेरै विद्यार्थी र अभिभावक क्याम्पसमा र शहर वरिपरि थिए। जस्तो *University of Wisconsin-Madison* देखिनु पर्ने थियो त्यस्तै देखियो। म तपाईं सबैलाई व्यक्तिगत रूपमा देख्न चाहन्छु - *Terrace* मा, *Chazen* मा, तालको छेउमा, वा क्याम्पसका अन्य ठाउँहरूमा। म आगामी वर्षमा हामी सबैले हासिल गर्न सक्ने कुराहरूको लागि उत्साहित छु।

म्याडिसनको रमाइलो गर्मी महिनाहरूको आनन्द लिनुहोला।

###